# भरतपुर अस्पताल विकास समिति शिक्षण संकाय शैक्षिक कार्यक्रम निर्देशिका २०७७

**प्रस्तावना**

भरतपुर अस्पतालको विकास र विस्तारसँगै अस्पताल विकास समितिको व्यवस्थापनमा छुट्टै शिक्षण संकाय गठन गरी विभिन्न विश्वविद्यालयहरु, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सम्बन्धमा स्वास्थ्यसँग सम्बन्धित प्रमाण-पत्र तहदेखि स्नातकोत्तर तह सम्मका विभिन्न विषयका गुणस्तरीय र जीवनोपयोगी प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ कार्यक्रम संचालन गर्न भरतपुर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ को नियम १६ (२) र भरतपुर अस्पताल आर्थिक प्रसाशन नियमावली, २०६६ को नियम ८(६) बमोजिमको अधिकार प्रयोग गरी यो निर्देशिका संशोदित २०७७ जारी गरिएको छ ।

## परिच्छेद १

१) नामः- भरतपुर अस्पताल विकास समिति शिक्षण संकाय कार्यक्रम निर्देशिका रहने छ । यो निर्देशिका अस्पताल विकास समितिले निर्णय गरेको मिति देखि लागू हुनेछ ।

२) परिभाषाः- विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) भरतपुर अस्पताल भन्नाले नेपाल सरकारद्वारा स्थापित भ.न.पा.१० चितवनमा रहेको सरकारी अस्पताललाई जनाउनेछ । जस अर्न्तगत नेपाल सरकारबाट स्वीकृत र अस्पताल विकास समितिबाट थप गरिएका शैयालाई जनाउनेछ ।

ख) गठन आदेशः भरतपुर अस्पताल विकास समिति गठन आदेश, २०५९ लाई जनाउनेछ ।

ग) नियमावली भन्नालेः भरतपुर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ र भरतपुर अस्पताल आर्थिक प्रशासन नियमावली, २०६६ लाई जनाउनेछ ।

घ) अस्पताल विकास समिति भन्नाले नेपाल सरकारको भरतपुर अस्पताल विकास समिति गठन आदेश २०७७ को दफा ३ बमोजिम गठन भएको समितिलाई जनाउनेछ ।

ङ) शिक्षण संकाय भन्नाले भरतपुर अस्पतालको बिकास र विस्तारको क्रममा विकास समितिद्धारा स्थापना गरिएको स्वास्थ्यसँग संबन्धित विभिन्न विषयमा शैक्षिक कार्यक्रम संचालन गर्ने संकायलाई जनाउनेछ ।

च) शैक्षिक कार्यक्रम भन्नाले प्रारम्भिक चरण बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट प्रविणता प्रमाण पत्र तह नर्सिङ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानद्धारा सञ्चालित स्नातक नर्सिङ कार्यक्रम लगायतका शैक्षिक कार्यक्रम र आगामी दिनमा अन्य विश्वविद्यालयहरुद्धारा सम्बन्धन लिई संचालित स्वास्थ्य संग सम्बन्धित विभिन्न विषयका स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने शैक्षिक कार्यक्रमलाई जनाउनेछ ।

छ) यस शिक्षण संकायको नामः भरतपुर अस्पताल नर्सिङ कलेज रहनेछ ।

ज) शिक्षण संकाय संचालक समिति भन्नाले शैक्षिक कार्यक्रमको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार सम्पन्न समिति जनाउनेछ । साथै समितिको गठन निर्देशिकामा उल्लेख गरे वमोजिम हुनेछ ।

झ) कर्मचारी भन्नाले शिक्षण संकाय अर्न्तगत काम गर्ने व्यवस्थापकीय, शैक्षिक प्राविधिक एवं प्रशासनिक कर्मचारीहरुलाई जनाउनेछ ।

झ) विद्यार्थी भन्नाले शिक्षण संकाय अर्न्तगत विभिन्न विषयमा अध्ययन गर्ने प्रशिक्षार्थीलाई जनाउनेछ ।

ञ) तोकिए वमोजिम भन्नाले: शिक्षण संकाय संचालक समितिको निर्णयद्धारा तोकिए बमोजिम हुनेछ ।

ट) शिक्षण संकायको सम्पूर्ण अधिकार भरतपुर अस्पताल विकास समितिमा रहनेछ ।

ठ) छाप र चिन्हको हकमा भरतपुर अस्पताल शिक्षण संकाय भरतपुर, चितवन स्थापना २०६९ र बिचमा समितिले निर्णय गरे वमोजिमको लोगो रहेको छुट्टै छाप हुनेछ ।

## परिच्छेद २

### शिक्षण संकाय संचालक समिति गठन तथा काम, कर्तव्य अधिकार

१) शिक्षण संकाय संचालक समिति: यस संकायको संचालनार्थ नीति नियम तर्जुमा गर्न भौतिक साधन श्रोत जुटाउने र समयानुकुल निर्देशन दिन एउटा संचालक समिति रहनेछ । जसमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, विश्वविद्यालय तथा सम्बन्धित परिषद्ले तोके वमोजिमका सदस्यहरु रहनेछन् । यस समितिको पदावधि ३ वर्ष रहनेछ ।

१.१ शिक्षण संकाय संचालन तथा व्यवस्थापन गर्नको लागि देहाय वमोजिमको ११ सदस्य सम्मको संचालक समिति रहनेछ ।

| | |
|---|---|
| क) अस्पताल विकास समिति अध्यक्ष | पदेन अध्यक्ष- १ |
| ख) मे.सु.(भरतपुर अस्पताल) | पदेन सदस्य- १ |
| ग) अस्पताल नर्सिङ्ग प्रशाशक | पदेन सदस्य- १ |
| घ) अस्पताल विकास समितिका सदस्यहरुमध्ये विकास समितिद्धारा मनोनित | सदस्य- १ |
| ङ) नेपाल सरकारको स्थायी दरबन्दिमा कार्यरत भरतपुर अस्पताल कर्मचारीबाट (कक्षा संयोजकहरु मध्ये वाट वरिष्ठताको आधारमा) | सदस्य- १ |
| च) अ.वि.स.क.यु. अध्यक्ष | सदस्य- १ |
| छ) सि.टि.ई.भी.टी.प्रतिनिधि/न्याम्स/विश्वविद्यालय प्रतिनिधि सदस्य १,१ गरि- | २ |
| ज) कार्यक्रम प्रमुख | सदस्य सचिव- १ |

तर कुनै विश्वविद्यालयद्धारा सम्बन्धन लिई अन्य कुनै शैक्षिक कार्यक्रम संचालन गरेको अवस्थामा सम्बन्धित विश्वविद्यालयको प्रतिनिधिलाई समेत स्वत: सदस्य कायम रहने गरी संचालक समिति सदस्य थप गरिनेछ ।

**१.२ समितिको काम कतर्व्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क) शैक्षिक कार्यक्रमलाई आवश्यक भौतिक साधन जुटाउने ।

ख) शिक्षण कार्यक्रम अन्तर्गत रहेका सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

ग) शिक्षक कर्मचारी छनोट तथा पदपूर्ति उप-समिति गठन गर्ने ।

घ) शिक्षक/कर्मचारी छनौट तथा नियुक्ति, कारवाही र अवकाश दिने ।

ङ) शिक्षण कार्यक्रमलाई रेखदेख, निरीक्षण तथा नियन्त्रण गर्ने ।

च) समय सापेक्ष निर्देशिका संशोधन गर्न अस्पताल विकास समितिलाई राय सुझाव पेश गन ।

छ) शिक्षण संकाय र अस्पताल तथा अस्पताल विकास समितिको बिचमा स्वस्थ र स्वच्छ शैक्षिक वातावरणको सृजना गर्ने ।

ज) शिक्षक तथा कर्मचारीको तलब भत्तानिर्धारण गर्ने ।

झ) सम्बन्धन प्रदान गर्ने निकाय वा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशन तथा अस्पताल विकास समितिको निर्णय र निर्देशन समेतको अधिनमा रहि अन्य कार्य गर्ने ।

१.३ बैठक :- समितिको बैठक वर्षमा कम्तीमा पनि ४ पटक बस्नुपर्नेछ । ५० प्रतिशत भन्दा बढी उपस्थितिले गणपुरक संख्या मानिने छ । बैठकको अन्य कार्यविधि समिति आफैले तोक्न सक्नेछ ।

२) पाठ्यक्रम तथा पठ्यपुस्तकः- सम्बन्धिन दिने संस्थाको प्रचलित पाठ्यक्रम (Curriculum) र सो अनुसारको पाठ्य पुस्तक प्रयोग गरिनेछ । तोके अनुसारका कक्षाहरुमा थप पाठ्यपुस्तक प्रयोग गरी विद्यार्थीहरुको स्तर राम्रो बनाइनेछ । सुविधा सहितको पुस्तकालयबाट नयाँ प्रकाशनका पुस्तकहरु उपलब्ध गराइनेछ । आवश्यकता अनुसार विद्यार्थीहरुलाई इन्टरनेटबाट समेत अध्यापन सामाग्री उपलब्ध गराइनेछ । यसको लागि छुट्टै कम्प्युटर ल्याव स्थापना गरिनेछ ।

३) शैक्षिक कार्यक्रम संचालन समयः कार्यक्रम संचालन समयसमितिले तोके अनुसार हुनेछ । तोकएको मापदण्ड बमोजिम सैद्धान्तीक तथा प्रयोगात्मक कक्षाहरु संचालन हुनेछ । आवश्यकता अनुसार थप कक्षाहरु पनि संचालन गर्न सकिनेछ । दशै, तिहार, हिउदे तथा वर्षे विदाको हकमा सम्बन्धन प्राप्त संस्था र पाठ्यक्रम अनुसारको विदा विद्यार्थी र शिक्षकहरुलाई दिइने छ । बिदा सुविधाका हकमा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

४) पोशाकः-सम्बन्धन प्राप्त संस्था वा समितिले तोके अनुसारको पोशाक सम्पूर्ण विद्यार्थी, शिक्षक र कर्मचारीले अनिवार्य रुपमा लगाउनुपर्नेछ ।

५) माध्यम भाषाः पढाईको माध्यम पाठ्यक्रमले तोके अनुसार अंग्रजी वा नेपाली भाषा हुनेछ ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

६) परीक्षा तथा मूल्यांकनः सम्बन्धन दिने संस्थाले तोकेको कार्यप्रणाली अनुसार पाठ्यक्रमले तोके अनुसारको परीक्षामा विद्यार्थीको मूल्यांकन गरिनेछ ।

७) आँचार संहिताः पदाधिकारी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुले यस निर्देशिकामा उल्लेखित आचार संहिता (परिच्छेद ८) अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

## परिच्छेद ३

### विद्यार्थी भर्ना तथा शुल्क सम्बन्धी व्यवस्थाः

१) विद्यार्थी भर्ना सम्बन्धि व्यवस्थाः विद्यार्थी भर्ना सम्बन्धन प्राप्त संस्थाले दिएको जम्मा कोटामा नवढाई अस्पताल विकास समिति/शिक्षण संकाय संचालक समितिको संयुक्त बैठक बसी सम्बन्धन प्राप्त संस्थाको छात्रवृत्तिमा कुनै असर नपर्ने गरी निम्नानुसारको कोटा छुट्याई विद्यार्थी भर्ना गरिनेछ । छुट्याईएको कोटा रिक्त हुन आएमा प्रवेश परीक्षामा उर्त्तीण विद्यार्थीलाई प्राथमिकता क्रमको आधारमा भर्ना गरिनेछ । अन्य भर्ना प्रक्रिया सम्बन्धन प्राप्त संस्थाको नियम अनुसार नै हुनेछ ।

१.१ कोटा निर्धारण नर्सिङ्ग विद्यार्थीको हकमा

- प्रविणता प्रमाण पत्र नर्सिङ तहको हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट अनुमोदन भए बमोजिम हुनेछ ।
- स्नातक तह नर्सिङको हकमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान् बाट अनुमोदन भए बमोजिम हुनेछ ।

१.२ अर्को वर्षमा (दोस्रो र तेस्रो) प्रवेश गर्दा एक महिना भित्रै भर्ना हुनुपर्नेछ ।

२) शुल्क निर्धारणः अस्पताल विकास समिति र सम्बन्धित परिषद्, प्रतिष्ठान वा विश्वविद्यालयको निर्णय अनुसार हुनेछ ।

३) शुल्क सम्बन्धी व्यवस्थाः संचालक समितिले आवश्यक देखेमा समय समयमा शुल्कमा समायोजन वा परिमार्जन गर्न सक्नेछ । प्रत्येक महिनाको मासिक शुल्क भर्ना गर्दाको वखत एकमुस्ट कलेजको नियमानुसार समय भित्र बुझाईसक्नुपर्नेछ । नबुझाएमा शिक्षण संकाय संचालक समितिले तोके अनुसार विलम्ब शुल्क तिर्नुपर्नेछ । विलम्ब शुल्क प्रति महिना वुझाउनुपर्ने कुल रकमको ५(पाँच) प्रतिशतले तिर्नुपर्नेछ । विद्यार्थीको अवस्था नाजुक भएमा वा कुनै भवितव्य परि समयमा वुझाउन अनुकुल नभएमा निवेदन लिई शिक्षण संकाय संचालन तथा व्यवस्थापन समितिले विचार गर्नेछ । सामान्यतया एक सत्रको लागि तय गरिएको शुल्क सो सत्रमा पुनः परिवर्तन गरिने छैन ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

## परिच्छेद ४

### शिक्षक/कर्मचारी सेवा, शर्त र सुविधा

१) शिक्षक/ कर्मचारीहरुको पद श्रेणी र नियुक्ति : शिक्षक/कर्मचारीहरुको पद श्रेणी र नियुक्ति शैक्षिक कार्यक्रममा आधारित रही सम्बन्धित परिषद्/प्रतिष्ठान/विश्वविद्यालयले तोके बमोजिम हुनेछ ।

१.१. पद र श्रेणी : शिक्षण संकाय अर्न्तगत दुई प्रकारका (प्राविधिक र प्रशासनिक) पदहरु हुनेछन ।

**प्राविधिक पद** CTEVT न्याम्स र विश्वविद्यालयको नियम भित्र रहेर प्राविधिक पद निर्धारण गरिनेछ ।

| | |
|---|---|
| कार्यक्रम प्रमुख | अधिकृत स्तर विशिष्ट, प्रथम/द्धितिय प्राध्यापक, सह–प्राध्यापपक/उप प्राध्यापपक) |
| उप-प्राध्यापक | अधिकृत स्तर द्धितिय (Lecturer) |
| प्रशिक्षक | अधिकृत स्तर तृतिय (Instructor/Assist. Lecturer) |

CTEVT, न्याम्स र विश्वविद्यालयको नियम भित्र रहेर नेपाल नर्सिङ परिषदको मापदण्ड अनुसार प्राविधिक पद निर्धारण गरिनेछ ।

| | | |
|---|---|---|
| प्राध्यापक | २ | |
| सह- प्राध्यापक | ४ | |
| उप-प्राध्यापक | ८ | अधिकृत स्तर द्धितिय (Lecturer) |
| प्रशिक्षक | १५ | अधिकृत स्तर तृतिय (Instructor/Assist. Lecturer) |

उल्लेखित पदमा अस्पताल विकास समितिबाट आवश्यक अनुसार संख्या थपघट गर्न सकिनेछ । माथि उल्लेखित पदहरुको निर्धारण संम्बन्धित सम्बन्धन प्राप्त संस्थाहरुको मापदण्डअनुसार हुनेछ ।

**प्रशासनिक पद**

| | | |
|---|---|---|
| क) प्रशासकिय अधिकृत | १ | अधिकृत तृतिय |
| ख) पुस्तकालय अधिकृत | १ | अधिकृत तृतिय |
| ग) हेड असिष्टेण्ट, प्रशासकिय सहायक र लेखापाल | ३ | सहायक स्तर प्रथम |
| घ) कम्प्युटर असिष्टेन्ट | १ | सहायक स्तर प्रथम |
| ङ) लाइवेरियन | १ | सहायक स्तर द्धितिय |
| च) स्टोरकिपर | १ | सहायक स्तर द्धितिय |
| छ) ड्राईभर | १ | श्रेणी विहिन |
| ज) चौकिदार | २ | श्रेणी विहिन |
| झ) कार्यालय सहयोगी | २ | श्रेणी विहिन |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

हास्टेल (छात्रावास) तर्फ

क) कुक २

ख) चौकिदार २

ग) वार्डेन १

घ) सरसफाई १

अन्य कर्मचारीमा आवश्यकता अनुरुप थप गर्न सकिनेछ ।

यस निर्देशिकामा तोकिएका दरवन्दी यस भरतपुर अस्पताल नर्सिङ कलेजको दरवन्दी कायम हुनेछ ।

## १.२.पदपूर्तिः

**शिक्षक वा कर्मचारीको पदपूर्ति देहाय वमोजिम गरिनेछ ।**

नर्सिङ्ग कार्यक्रमको लागि शिक्षक तथा कर्मचारीहरुको दरबन्दी कार्यक्रमको आवस्यकता अनुसार अ.बि.स. द्वारा निश्चित गरिनेछ र सोही अनुरुप पदपुर्ति गरिनेछ ।

क) खुल्ला/आन्तरिक प्रतियोगिताद्धाराः शिक्षक/कर्मचारी भर्ना गर्नको लागि शिक्षण संकाय अन्तर्गत शिक्षक, कर्मचारी भर्ना तथा पदपूर्ति उपसमिति गठन गरिनेछ र त्यो उपसमितिले लिखित/अर्न्तवाता वा दुवै लिएर मात्र शिक्षक /कर्मचारी नियुक्तिको लागि सिफारिस गर्नेछ । सो शिक्षक, कर्मचारीहरुलाई करारमा नियुक्ति दिईनेछ ।

ख) करार सेवाः कार्यक्रम सञ्चालन गर्ने शिक्षक/कर्मचारी करार सेवामा नियुक्ति गरिनेछ । कुनै खास पदमा करार सेवामा भर्ना गर्न चाहेमा करारका शर्तहरु तोकि भर्ना गर्न सकिनेछ । नियमानुसारकरारनामा नविकरण गरिनेछ ।

ग) परिक्षणकालः नियुक्ति भएको मितिले ६ महिना परिक्षण काल रहनेछ । करार पदमा कार्यरत कर्मचारीको पुनः नियुक्ति गर्दा छ महिनाको कार्य सन्तोष जनक हुनुपर्नेछ , कर्मचारीको काम सन्तोजनक नभएमा निजलाई पुनः करार नियुक्ति गर्न सकिने छैन ।

घ) पदपूर्ति विशेष अवस्थाः विशेष अवस्थामा अस्पतालमा कार्यरत कर्मचारीलाई पनि शैक्षिक कार्यक्रममा संलग्न गराइनेछ । सोको लागि अस्पताल विकास समिति र शिक्षण संकाय संचालक समिति बीच सम्झौता गरिनेछ । यसरी कार्यरत कर्मचारीहरुको सेवा सुविधा अस्पताल विकास समितिले निर्णय गरे बमोजिम हुनेछ ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

ङ) कर्मचारी स्थायी गर्ने व्यवस्थाः अ.वि.स. ले नेपाल सरकारको नियम परीधि भित्र रहेर यस कार्यक्रमको लागि अति आवश्यक शिक्षक/कर्मचारीको लागि दरवन्दी सिर्जना गरे पश्चात स्थायी प्रक्रिया अ.वि.स. ले अगाडी बढाउन सक्नेछ ।

**१.३. पदपूर्ति उपसमिति : पदपूर्ति उपसमितिको गठन देहाय वमोजिम हुनेछ ।**

| | | |
|---|---|---|
| शिक्षण संकाय संचालक समितिको अध्यक्ष | अध्यक्ष | -१ |
| मे.सु.(भरतपुर अस्पताल) | सदस्य | -१ |
| सम्बन्धित विषयको विशेषज्ञ | सदस्य | -२ |
| कार्यक्रम प्रमुख | सदस्य सचिव | -१ |

**१.४. शिक्षक/कर्मचारीको आवश्यक न्यूनतम योग्यता (न्याम्स अनुसार)**

- कार्यक्रम प्रमुखको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उर्तिण गरेको हुनुपर्नेछ ।
- सह-प्राध्यापकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर नर्सिङ्गउर्तिण गरेको हुनुपर्नेछ ।
- उप-प्राध्यापकको लागि कम्तीमा स्नातकोत्तर तह उर्तिण (सम्बन्धित विषयमा) हुनुपर्नेछ ।
- नर्सिङ्ग प्रशिक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक गरेको हुनु पर्नेछ ।
- हेड असिष्टेण्ट, लेखापाल, प्रशासकिय सहायक, लाइब्रेरियनको लागि सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह उर्त्तीण गरेको हुनुपर्नेछ ।
- स्टोरकिपरको लागि कम्तीमा प्रमाणपत्र तह उर्त्तीण गरेको हुनुपर्नेछ ।

१.५. कायम मुकायमः कुनै पद केही समयको लागि रिक्त हुन गएमा रिक्त पदमा संचालक समितिको अध्यक्षले एकतह मुनिको कर्मचारीहरुमध्येबाट बरियताक्रमको आधारमा जेष्ठ कर्मचारीलाई का.मु.नियुक्ति गर्न सक्नेछ । कुनै शिक्षक वा कर्मचारीले एक महिना भन्दा बढी का.मु.भई काम गरेमा निजले काम गरेको अवधिको काम गरेकै माथिल्लो पदको शुरु तलबमानको आधारमा तलब भत्ता पाउने छ ।

१.६. निमित्त भई काम गर्ने : कार्यक्रम प्रमुखको अनुपस्थितिमा सामान्यतया को-अर्डिनेटरहरु मध्येबाट बरिष्ठताको आधारमा कर्मचारीलाई निमित्त दिई काम संचालन गरिनेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

## २) तलब भत्ता र अन्य सुविधा

२.१. शिक्षकको हकमा पद अनुसार आधारभुत तलब स्केल र अ.वि.स. को निर्णय कायम गरि शिक्षण भत्ता उपलब्ध गराउन सक्नेछ ।

२.२. प्रसासनिक कर्मचारीको हकमा तलव/सुविधा अ.वि.स. ले निर्णय गरे अनुसार हुनेछ ।

२.३. सार्वजनिक विदाको दिनमा कुनै कर्मचारीले शैक्षिक कार्यक्रम प्रमुखको सिफारिसमा अतिरिक्त काम गरेको खण्डमा सट्टा बिदा दिन सकिनेछ ।

२.४ विकास समितिको नियम अनुसार महंगी भत्ता, हेजाहड भत्ता हुनेछ ।

२.५ कार्यालयको काम विशेषले बाहिर जानुपर्दा कार्यक्रम प्रमुखले मे.सु.बाट र अन्य शिक्षक तथा कर्मचारीहरुले कार्यक्रम प्रमुखको सिफारिसमा मे.सु. बाट भ्रमण आदेश स्वीकृत गराउनुपर्ने र सो रकम नेपाल सरकारको नियमानुसार हुनेछ । शिक्षक/कर्मचारीलाई अ.वि.स.को निर्णय अनुसार पोशाक भत्ता उपलब्ध गराईनेछ ।

२.६. चाडवाड खर्चः कम्तिमा ६ महिना अघि देखि नियुक्ति पाई काम गरेको शिक्षक/कर्मचारीले खाईपाई आएको १ महिना बराबरको वेसिक तलव स्केल बरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ । यो सुविधा अ.वि.स. को नियमानुसारको समयावधि अनुसार उपलब्ध गराईनेछ ।

२.७. संचयकोषको व्यवस्था : नेपाल सरकारका स्थायी कर्मचारी वाहेक अन्य शिक्षक/कर्मचारीहरुको हकमा अस्पतालविकास समितिले स्थायी प्रकृया अनुसार स्थायी गरेको खण्डमा शुरुको तलब स्केलको १० प्रतिशत रकम कट्टा गरी समितिले त्यतिनै रकम थप गरी हुन आउने रकम कर्मचारी संचयकोषमा जम्मा गरिनेछ ।

## ३) हाजिरी र विदा :

३.१. समय, समयपलना र हाजिरी : - समितिले निर्धारण गरेको समयमा शिक्षक, कर्मचारीहरुले हाजिर हुनुपर्नेछ । निर्धारित समयमा नआउने शिक्षक/कर्मचारीलाई कार्यक्रम प्रमुखले गयल गर्न सक्नेछ ।

३.२. विदा : कुनैपनि शिक्षक/कर्मचारीले हक अधिकारको रुपमा विदा दाबि गर्न पाउने छैनन् । शैक्षिक कार्यक्रममा पुरा अवधि कार्यरत शिक्षक / कर्मचारीले मात्र विदाको उपयोग गर्न पाउनेछन् । विदा स्वीकृत नगराई कुनै पनि शिक्षक / कर्मचारी अनुपस्थित भएमा आवश्यक कारवाही गरिनेछ ।

३.३. शिक्षक /कर्मचारीले पाउने विदा :

- नेपाल सरकारका स्थायी कर्मचारी शिक्षकको रुपमा कार्यरत शिक्षकको हकमा कर्मचारीले नेपाल सरकारको नियमानुसार र अन्य शिक्षक तथा कर्मचारीको हकमा नर्सिङ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति र अ.वि.स. को निणर्य भए बमोजिम हुनेछ ।
- यदि अ.वि.स. बाट स्थायी भएमा अध्ययन, असाधारण विदाको हकमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।
- अध्ययन विदा र असाधारण विदा बाहेक अन्य विदाहरु कार्यक्रम प्रमुखले र का.मु.ले आफ्नो विदा मे.सु.बाट स्वीकृत गराउनुपर्नेछ तथा शिक्षक , कर्मचारीहरुको हकमा आफ्नो बिदा कार्यक्रम प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ ।

## परिच्छेद ५

कार्यक्रम प्रमुख, कार्यक्रम संयोजक तथा शिक्षक कर्मचारीको काम, कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था कार्यक्रम ***प्रमुखको काम कर्तव्य र अधिकार***

१) कार्यक्रम प्रमुखले शिक्षण संकायको पूरा काम गर्ने पदाधिकारी हुनेछ ।

२) शिक्षण संकायको प्रमुख प्रशासनिक पदाधिकारीको रुपमा प्राविधिक, शैक्षिक संकाय संचालक सम्वन्धि संचालक समितिलाई सल्लाह दिने र संकायलाई शैक्षिक नेतृत्व दिने ।

३) संकाय अर्न्तगत शैक्षिक कार्यक्रमहरुमा पढाईने तथा सिकाउने ज्ञान विज्ञानको स्तरीकरण, गुणात्मक सुधार तथा अन्य काम कारवाहीहरुको सम्पुर्ण जिम्मेवारी, रेखदेख र निर्देशनमा संचालन गर्ने ।

४) शिक्षक तथा कर्मचारीहरुले दिएको जिम्मेवारी अनुसार कार्य गरे नगरेको निगरानी राख्ने, कार्य सम्पादनको मुल्याङ्कन गर्ने र तत् अनुसार कार्य गर्ने ।

५) विद्यार्थी कल्याण , प्रकाशन, सूचना आदिको व्यवस्था मिलाउने ।

६) प्रयोगशाला, पुस्तकालय तथा शिक्षण प्रशिक्षण र अनुसन्धानका लागि चाहिने सरसामानको व्यवस्था गर्ने गराउने ।

७) कर्मचारी तथा शिक्षक नियुक्ती तथा राजिनामाको लागि सिफारिस गर्ने ।

८) शिक्षक तथा कर्मचारीको विदा स्वीकृत गर्नु, काम बाड्नु र सेवको रेर्कड राख्नु तथा कार्य सम्पादनको मुल्याङकन गर्नु ।

९) आवश्यकताअनुसार शिक्षक कर्मचारी र विद्यार्थी समेतलाई सहभागी गराई शिक्षण संकाय संचालन तथा विकासका लागी समिति, उपसमिति बनाई सो मार्फत काम गराउने ।

१०) विद्यार्थी आचार संहिता विपरित कार्य गर्ने विद्यार्थीलाई कारबाही, निस्कसन तथा अन्य सजाय गर्न संचालक समितिलाई सिफारिस गर्ने ।

११) शिक्षण संकायको कामको सिलसिलमा प्राप्त गरेको गोप्य वा संवेदनशिल प्रमुख अख्तियारी वेगर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संचार माध्यम लगायत कुनै व्यक्ति वा संस्थालार्य दिनु वा दिन लगाउनु हुँदैन।

१२) आफुँ भन्दा माथिको पदाधिकारी वा निकायले दिएको कानुन नियम अनुसार निर्देशन पालना गर्नु ।

१३) कार्यक्रम प्रमुख शैक्षिक तथा प्रशासनिक पद भएको हुँदा विदा सम्वन्धि सुविधा संचालक समितिले अन्य कर्मचारीलाई तोकिए बमोजिम हुनेछ ।

१४) शिक्षण संकायमा आईपरेको समस्या समाधान सहयोग गर्ने ।

१५) शिक्षण संकायको सम्पति सम्पत्ति दायित्वको संरक्षण गर्ने ।

१६) कार्यक्रमको आय-व्यय लाई चुस्त दुरुस्त र पारदर्शि र जवाफ देहि बनाउने ।

१७) अध्यक्ष वा मे.सु. को निर्देशन कार्यन्वयन गर्ने गराउने ।

***संयोजकको काम कर्तव्य  र अधिकार***

१) संयोजक शिक्षण संकायको पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

२) आफु संयोजक रहेको  शैक्षिक कार्यक्रमको निर्धारण र कार्यान्वयन जिम्म लिई काम गर्नु ।

३) कार्यक्रमको प्रमुखको कार्यालयबाट लिईएको परिक्षाको लागी प्रश्नपत्रहरु त्यार गरि परिक्षा संचालनमा सहयोग गर्नु ।

४) शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादनको लेखाजोखा गरि कारवाहकिा लागि प्रिन्सिपल समक्ष पेश गर्नु ।

५) कार्यक्रम प्रमुखले तोकेको र अन्य तोकिए बमोजिम काम र अधिकार हुनेछ ।

६) शिक्षण संकायको सम्पत्ति हानी नोक्सानी र दुरुपयोग गर्न गराउनु नहुने।

७) अध्यक्ष तथा प्रिन्सिपलको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद ६

### वित्तिय व्यवस्थापन

१. संकाय संचालन रकमः शैक्षिक संकाय कार्यक्रम स्थापनार्थ लाग्ने सम्पुर्ण खर्च अस्पताल विकास समित्रिको निर्णय बमोजिम अस्पताल विकास समितिबाट उपलब्ध गराईनेछ । त्यस पश्चात आर्थिक व्यवस्थापन शिक्षण संकायले गर्नेछ र सम्पुर्ण आर्थिक व्यास्थापन अ.वि.स. ले निर्णय गरे बमोजिम गरिनेछ ।

२. खाता संचालन : शिक्षण संकाय अर्न्तगत संचालित सम्पुर्ण कार्यक्रमको आय व्यय विवरण दोहोरो लेखा प्रणालीका आधारमा संचालन गरिनेछ । यसलाई पारदर्शी मितव्ययी र जवाफदेहि वनाईनेछ। सम्पुर्ण आर्थिक अभिलेख शिक्षण

संकाय संचालक समितिमा निहित रहनेछ । समितिले तोकेको वैंकमा खाता खोली भरतपुर अस्पतालका मे.सु. र लेखाशाखाका प्रमुख गरि दुई जनाको संयुक्त दस्तखतवाट खाता संचालन गरिनेछ ।

३. लेखा परिक्षण: शिक्षण संकायको प्रत्येक वर्षको आय व्यय विवरण चुस्त दुरुस्त र पारदर्शी रुपमा राखि सो आय व्ययलाई अस्पताल विकास समितिको लेखा परिक्षणमा समावेश गरिनेछ ।

४. बार्षिक वजेजको व्यवस्था : शैक्षिक कार्यक्रम संचालनको लागी छुट्टै वार्षिक वजेट रहनेछ । अनुमानित आय र व्ययको आधारमा वजेट कार्यक्रम प्रमुखले शिक्षण संकाय संचालक समिति मार्फत अस्पताल विकास समितिमा पेश गरी सो समितिले वजेट स्वीकृत गरेपछि लागु गरिनेछ ।

५. तलब भत्ता: शिक्षण संकाय अर्न्तगका शिक्षक तथा कर्मचारीको तलव , भत्ता लगायतका सेवा सुविधाहरु उल्लेख भएको अवस्थामा उल्लेख भए बमोजिम उल्लेख नगरिएको जतिमा अस्पताल विकास समितिले निर्णय गरे अनुसार हुनेछ । यसरी निर्धारण गरिएको तलब भत्तामा समय अनुसार समायोजन र पुनरावलकन गर्न सकिनेछ ।

६. दैनिक तथा भ्रमण भत्ता: शिक्षण संकायको काममा जिल्ला वाहिर जानुपर्ने भएमा नेपाल सरकारको नियमानुसार शिक्षक/ कर्मचारीलाई उपलब्ध गराईनेछ ।

७. फिल्ड भत्ता : शिक्षक/कर्मचारीहरुलाई विद्यार्थीलाई रेजिडेन्सिएल फिल्ड लानु पर्दा दैनिक भ्रमण भत्ता अ.वि.स.को निर्णय अनुसार हुनेछ ।

८.आशिक समय काम गर्ने शिक्षकको पारिश्रमिक समितिले निर्णय गरे अनुसार हुनेछ ।

## परिच्छेद ७

### होस्टल व्यवस्थापन:

१) होस्टल व्यवस्थापन उपसमिति शिक्षण संकाय संचालक समितिले तिन सदस्यीय होस्टल व्यवस्थापन उप-समिति गठन गर्न सक्नेछ । सो उप-समितिले होस्टलको सम्पूर्ण रेखदेख संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ । सो समितिले होस्टलमा बस्ने विद्यार्थीहरुले तिर्नु पर्ने आवश्यक शुल्क सिफारिस गरि निर्णयको लागि शिक्षण संकाय संचालक समितिमा पेश गर्नुपर्नेछ । होस्टलमा बस्ने विद्यार्थीहरुले होस्टलमा बसे वापत समितिले निर्णय गरेअनुसारको रकम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२) होस्टलको लागि घर व्यवस्थापन : अस्पताल विकास समितिले आफ्नो छुटै भवन निर्माण नगर्दा सम्म निश्चित अवधि को लागि अन्य उचित घरको व्यवस्था गर्न सक्नेछ ।

३) शिक्षण संकायले उपलब्ध गराउने सुविधा उक्त आवासिय भवन (होस्टल)मा कमन रुम, टि.भी. रुमवेडरुम,वेड, टेबुल कुर्ची, टि.भी.रुम, मेसको व्यवस्था, सुरक्षा गार्डलगाएतको व्यवस्था हुनेछ ।

४) मेसको लागि आवश्यक सामाग्री होस्टल व्यवस्थापन समितिले उपलब्ध गराउनुपर्नेछ । होस्टलमा आवश्यक संख्यामा सुरक्षा गार्ड लगाएतका कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

५) विद्यार्थी आफैले व्यवस्था गनुपर्ने शिक्षण संकायले व्यवस्था गर्ने बाहेक अन्य साम्रागी विद्यार्थी स्वयमले प्रवन्ध गर्नुपर्नेछ

## परिच्छेद ८

## शिक्षक कर्मचारी तथा विद्यार्थीको आचार संहिता

### शिक्षक/कर्मचारीको अचार संहिता

५.१. समय पालन र नियमितताः शिक्षक तथा कर्मचारीले निर्धारित समयमा नियमित रुपले निर्धारित पोशाकमा उपस्थित हुनुपर्छ। विशेष अवस्थामा बाहेक पहिले विदा स्वीकृत नगराई अनुपस्थित हुन पाइने छैन।

५.२. अनुशासन र आज्ञापालनः सवै शिक्षक कर्मचारीले अनुशासनमा रही आफ्नो कतर्व्य इमान्दारी तथा सद्विवेकका साथ पुरा गर्नेपनेछ। साथै काम सँग सम्बन्धित कुरामा आफु भन्दा माथिल्लो निकायले दिएको आदेश इमान्दारी पूर्वक यथाशीघ पालन गर्नुपर्नेछ।

५.३. व्यवहार : शिक्षक तथा कर्मचारीले आफु भन्दा माथिल्लो सवै शिक्षक तथा कर्मचारी प्रति उचित आदर सम्मान र आफु भन्दा तलकालाई उचित सद्भावपुर्ण व्यवहार गर्नुपर्छ।

५.४ राजनीतिः कुनै शिक्षक कर्मचारीले सक्रिय रुपमा राजनितिमा भाग लिन पाईने छैन।

५.५ समय सिमाः शैक्षिक कार्यक्रम बाहेकको समयमा पनि शिक्षण संकायले खटाएको काम गर्नुपर्नेछ।

५.६ खटाएको कार्यलय वा स्थानमा जानुपर्नेः कामको सिलसिलमा अधिकार प्राप्त अधिकारीले खटाएको कार्यालय वा स्थानमा गई आफुलाई तोकिएको जिम्मेवारी पालना गर्नु पर्ने छ।

### विद्यार्थीहरुको आचार संहिता

१) विश्वविद्यालय/ शिक्षण संकायको ऐन, नियम तथा निर्देशिका पुर्ण पालना गर्नुपर्नेछ।

२) नियमिति रुपमा तोकिएको समय र पोशाकमा उपस्थित हुनुपर्नेछ। तोकीएको समय भन्दा पहिले कक्षा छाड्न पाईने छैन।

३) विशेष परिवेशमा घरमा वस्नु पर्ने भएमा पूर्व स्वीकृती लिएर मात्र वस्नुपर्नेछ।

४) धुम्रपान, मध्यपान तथा नसालु पदार्थ सेवन गर्ने/गराउन पाईने छैन।

५) शिक्षण संकायवाट दिएको कार्य सधैं गर्ने।

६) आफु भन्दा सिनियर विद्यार्थीहरु तथा मान्यजनहरुको आदर सम्मान र आफु भन्दा सानालाई स्नेहपुर्ण व्यवहार गर्नुपर्नेछ।

७) आफ्नो अधिकांश समय अध्ययन र सीप विकासमा विताउने ।

८) समयलाई नै जीवन र धन ठानी समयको सदुपयोग गर्नुपर्नेछ ।

९) श्रमलाई कदर गर्ने, शारिरीक कामलई पनि बौद्धिक काम जतिकै वा सो भन्दा पनि बढि महत्व हेर्ने र आफ्नो जिवन पद्धतिमा श्रमलाई अगिंकार एवम आत्मसाथ गर्ने ।

१०) कलेजमा भर्ना पाएका नियमित विद्यार्थीहरुले सम्वन्धित शैक्षिक कार्यक्रममा तोकिए बमोजिम भई समुत्तिर्ण हुन अध्ययनरत एंब प्रयत्नरत रहनुपर्नेछ ।

११) आफु अध्यापनरत कलेजको गरिमा, प्रतिष्ठा र मर्यादा अभिवृद्धिका लागी विद्यार्थीहरुले सक्दो सहायोग र सद्भाव राख्नुपर्नेछ ।

१३) एक विद्यार्थीले अर्को विद्यार्थीमा सु-सम्वन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्ट्राचार गराउनुपर्नेछ ।

१४) शिक्षण संकायको  हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्छ । शिक्षण संकाय क्षेत्रभित्र मोवाईल लैजान पाइने छैन ।

१५) विद्यार्थीहरुले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्वोधन र व्यवहार गर्नुपर्छ ।

१६) शिक्षण संकायमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम विद्यार्थीले आफ्नो जन्म मिति, जन्म स्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा लुकाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित कामकुरा गर्नु गराउनु हुदैन ।

१७) अनुमति बेगर कक्षामा प्रवेश गर्न र छोड्न नहुने ।

१८) शुल्क वा अन्य अतिरिक्त शुल्क समयभित्र तिर्नुपर्ने ।

१९) परिचय पत्र साथमा राख्नुपर्ने साथै तोकिएको पोशाकमा संकाय वा कक्षामा प्रवेश गर्नुपर्नेछ ।

२०) पुस्तक लगायत अन्य बक्यौता तोकिएको समयभित्र बुझाउनुपर्नेछ ।

२१) संचालक समिति/संकाय प्रशासनले तोकेका अन्य नियमहरु पालना गर्नुपर्ने ।

२२) अध्ययनको सिलसिलामा प्राप्त गरेका गोप्य वा संवेदनशिल प्रलेख/समाचार सम्बन्धित अधिकारीको अनुमति बिना प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संचार माध्यम लगायत कुनै व्यक्ति वा संस्थालाई दिनु वा दिन लगाउनु हुदैन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
भरतपुर अस्पताल
चितवन

## कलेजको हाताभित्र गर्न नहुने

**विद्यार्थीले शिक्षण संकायको हाताभित्र देहाय बमोजिमका कार्यहरु गर्न/गराउन हुदैन ।**

१) कार्यक्रम प्रमुख वा अन्य अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृती बिना सार्वजनिक सभा, प्रदशनी, खेल,नाचगान, नाटक, चलचित्र प्रदर्शन, सास्कृतिक वा मनोञ्जन कार्यक्रमको आयोजना वा संचालन गर्न/ गराउन पाइने छैन ।

२) कुनै घातक हात हतियार, अवाञ्छिनिय वा निषेधित मालबस्तु सहित उपस्थित हुनु वा भेला गराउन पाइने छैन ।

३) हुलहुज्जत, दबाब, प्रभाव, जवरजस्ती, तोडफोड, अश्लिल ईशारा, कुटपिट, हरहमला, गालीगलौज, व्यवहार र घेराउ गर्न/गराउन पाइने छैन ।

४) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकुल वातावरण ल्याउने कुनैपनि गतिविधि संचालन गर्न पाइने छैन ।

५) फोहर मैला र अन्य दुषित काम गर्न पाइने छैन ।

६) निषेधित क्षेत्रमा प्रवेश गर्न पाइने छैन ।

७) दबाबमुलक कार्यगर्न पाइने छैन

## परिच्छेद ९

## विविध

१) यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरुको हकमा नियमावली तथा सम्बन्धित ऐन, नियम वमोजिम हुनेछ ।

२) निर्देशिकाका कुनै कुराहरु नियमावली वा सम्बन्धित ऐन, नियम सँग बाझिएको अवस्थामा सम्बन्धित ऐन, नियम नै लागूहुनेछ ।

३) निर्देशिकाको व्याख्या गर्ने अधिकार अस्पताल विकास संचालक समितिलाई हुनेछ । समय परिवेश अनुसार अस्पताल विकास समितिले निर्देशिकालाई संसोधन या परिर्वन समेत गर्न सक्नेछ ।